आज मिति २०७८/०८/०३ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री भरत बहादुर के.सी.ज्यूको  अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७४ औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख
श्री कमला बस्नेत  .......................नगर उप प्रमुख
श्री मान बहादुर खड्का.....................प्रमुख प्रशासकीय  अधिकृत
श्री बिर बहादुर थामी ....................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ...................  वडा अध्यक्ष भी.न.पा.  २
श्री हरिसरण  शिवाकोटी .........    वडा अध्यक्ष भी.न.पा.  ३
श्री हरिवंश चौलागाई .................  वडा अध्यक्ष भी.न.पा.  ४
श्री रामचन्द्र बस्नेत ................    वडा अध्यक्ष भी.न.पा.  ५
श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा.  ६
श्री कैलाश कुमार श्रेष्ठ ...............  वडा अध्यक्ष भी.न.पा.  ७
श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा.  ८
श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा.  ९
श्री लालकृष्ण  थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके......................    .कार्यपालिका सदस्य
श्री सुमन सुनाम .....................    .कार्यपालिका सदस्य
श्री रुपा शाही भुजेल ..................   कार्यपालिका सदस्य
श्री गौरी थामी ..........................   कार्यपालिका सदस्य
श्री मन्जु  बिश्वकर्मा ............      कार्यपालिका सदस्य
श्री जमुना श्रेष्ठ ..........................   कार्यपालिका सदस्य
श्री किरण वली.....................    .  कार्यपालिका सदस्य
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

मिति : २०७८/०८/०३
समय : विहान ११:३० बजे
स्थान : महांकाल सदन

## ७४ औं कार्यपालिका बैठकका प्रस्तावहरु

१) आ.व २०७८/७९ को प्रथम चौमासिक प्रगति समिक्षा सम्वन्धमा ।
२) सातदोबाटो बहुउदेशीय भवनको मनशाय पत्र आव्हान सम्वन्धमा ।
३) एकिकृत फोहोरमैला व्यवस्थापन अभिप्रेरणा संचालन सम्वन्धमा।
४) सरसफाई निर्माण/संचालन/भुक्तानी सम्वन्धमा।
५) नेपाल बैंक लिमिटेडको एक्सटेन्सन काउन्टर स्थापना गर्न नि:शुल्क स्थान उपलब्ध गराउने
६) जग्गा प्राप्ति सम्बन्धमा
७) विविध सम्वन्धमा।
क) जनतासँग मेयर कार्यक्रम अनुमोदन/निर्णय
ख) महिलासँग उपमेयर कार्यक्रम अनुमोदन/निर्णय
च) भी.न.पा. - २ नेगल खोप केन्द्र को लागि जग्गा दान प्राप्त गर्ने सम्वन्धमा ।
छ) वडा कार्यालय गेट निर्माण वडा नं. ६
ज) कृषि औजार/उपकरण वितरण

**निर्णय नं. १ :-** प्रस्ताब नं. १ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. ३ सातदोबाटोमा आ.व २०७८/७९ को स्वीकृत कार्यक्रम मध्ये प्रथम चौमासिक अवधिमा सम्म भए गरेका कार्यहरुको बिस्तृत रुपमा सम्पन्न प्रगति समीक्षा गर्दै बाँकी कार्यहरु समयमै सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताब नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत नगर विकास कोषको आर्थिक तथा प्राविधिक सहयोगमा बहुउद्देसीय व्यापारिक भवन निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको छ । उक्त व्यापारिक / व्यबसायिक भवनमा आन्तरिक सजावट गर्नेकार्य, विधुतीय भर्याङ (Lift) जडान गर्नेकार्य र बाँकी दुईतल्ला थपगर्ने कार्य समेत गर्न अतिरिक्त लगानी आवश्यक पर्दछ । बाँकी लगानीका लागि निजी क्षेत्रलाई आव्हान गर्ने बाँकी काम निर्माण गर्न, २५ बर्ष अवधिसम्म लिजमा लिई ब्यबसायिक / व्यापारिक प्रयोजनमा संचालन गर्न, यस नगरपालिकालाई बढाबढ विधिमा रोयल्टी बुझाउन र संचालन अवधि पश्चात नगरपालिकालाई हस्तान्तरण गर्ने गरी सार्वजनिक –निजी –साझेदारी बिधिबाट कार्यान्वयन गर्न नगरपालिकाले सार्वजनिक –निजी साझेदारी ऐन २०७८ जारी गरेको छ । ऐ. ऐन बमोजिम उक्त ब्यबसायिक भवन २५ बर्ष अवधिका लागि निर्माण–संचालन –हस्तान्तरण गर्न ईच्छुक फर्म, कम्पनी एवं सस्थाबाट मनसाय–पत्र (EOI) आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रस्ताब नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको फोहरमैला मैला ब्यबस्थापन गर्न यस नगरपालिकाको सार्वाजनिक निजी साझेदारी ऐन २०७८ बमोजिम सम्बन्धित साझेदार सस्थाहरुको संलग्नतामा फोहरमैला ब्यबस्थापन अभिप्रेरणा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** प्रस्ताब नं. ४ माथि छलफल गर्दा फोहोरमैलालाई श्रोतमानै छुट्टयाई कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने पुन:प्रयोग (Ricycle) हुने फोहोर बिक्रि गर्ने र हानिकारक फोहोरहरु बिसर्जन गर्ने दीर्घकालीन योजना अनुसार पहुचमार्गको ट्र्याक खोल्ने कार्य र कम्पोष्ट बनाउने संरचना निर्माण भएको छ । हानिकारक फोहोर बिसर्जन गर्न खाल्टो तयार गरी वरिपरी तारवार तथा तारजालीको छाना समेतको कार्य चालु आ.व.मा सम्पन्न गरिएकोमा बजेट अभावका कारण भुक्तानी बाँकी रहेको छ । यसै आ.व.मा सरसफाई केन्द्र निर्माण शिर्षकमा विनियोजित बजेटबाट ठेक्का ब्यबस्थापन भई घटाघट प्रतिस्पर्दाबाट बजेट बाँकी हुन आएको हुँदा उक्त बाँकी बजेटबाट सरसफाई केन्द्रको हानिकारक फोहोरहरु बिसर्जन गर्ने खाल्टो वरिपरी तारबार, गेट तथा तारजालीको छाना निर्माण गर्न लागत रु. १२,८०,०००/–(बह्लाख असिहजार) मध्ये उपभोक्ता समितिको लागत सहभागिता कट्टा गरी रु. ११,००,०००/– (एघार लाख) नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** प्रस्ताब नं. ५ माथि छलफल गर्दा निर्णय नं ५: जनप्रतिनिधिको बहाली पश्चात यस नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सेवाग्राही मैत्री र छिटो छरितो बनाउन विभिन्न प्रयास गरिदै आएको छ । योजना कार्यान्वयन, नक्सा पास लगायतका कार्य एउटै भवनबाट सम्पादन भईरहेकोमा अव सवै प्रकारको आर्थिक कारोवार तथा भुक्तानी व्यवस्थापन समेत एउटै भवनबाट हुने व्यवस्था मिलाउन विगत लामो समयदेखि प्रयास हुदै आएको र हाल नेपाल बैंक लिमिटेडले यस नगरपालिकाको सहायक प्रशासनिक भवनमा बैंक काउन्टर

स्थापना गरी सेवा विस्तार गर्न प्रस्ताव गरेको हुँदा सेवाग्राहीको सुविधालाई उच्च महत्व दिदै घर भाडा निःशुल्क हुनेगरी सहायक प्रशासनिक भवनमा स्थान उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:- निर्णय नं.६ :-** भीमेश्वर नगरपालिकाको नगर गौरवको योजना **भीमेश्वर रंगशालामा निर्माण**को प्रथम चरणको कार्य सम्पन्न हुनलागेको र दोश्रो चरणको निर्माण आर.सि.सि.प्यारापिट निर्माण गर्न आवश्यक रहेको छ । उक्त आधुनिक रंगशाला निर्माणको लागि अतिआवश्यक रहेको टुडिखेलको पुर्व तर्फको कि.नं. २५५२ क्षत्रफल ००,५७८ ब.मि. भएको दोलखा मालपोत कार्यालयको नाममा रहेको र टुडिखेलको उत्तरपुर्वमा पर्ने साविक कृषि सामाग्री सस्था, हाल कृषि सामाग्री कम्पनीको नाममा रहेको साबिक चरिकोट १, हाल भीमेश्वर नगरपालिका ३ को कि. नं. २५३८ क्षेत्रफल ०,११३३ ब.मी. भएको जग्गा र त्यसमा रहेको टहरा समेत चरिकोट टुडिखेल रंगशाला निर्माणको लागि अत्यावश्यक भएकोले कृषि सामाग्री कम्पनी र मालपोत कार्यालय दोलखालाई प्रचलित नेपाल कानून बमोजिमको यस नगरपालिकाको नाममा उपलब्ध गराई दिनुहुन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताब नं. ७ बिबिध ७.१ जनतासँग मेयर कार्यक्रम अन्तर्गत नगर प्रमुखको तोक आदेशमा सम्पन्न भएका देहाएका योजना तथा कार्यक्रम अनुमोदन गर्ने ।

क) जोगीडाँडा –हरेकृतन – फल्कुधनी –आहालाचौर गोरेटोबाटो मर्मत भीमेश्वर ७ रु २,००,०००/- (दुईलाख )

ख) सुर्के माध्यमिक बिद्यालय, भीमेश्वर –९ लाई एक वडा एक खेलमैदान शीर्षकबाट खेलमैदान निर्माण गर्न रु १,५०,०००/- (एकलाख पचासहजार)

ग) लोकिल सेतिदेबी मन्दिर मर्मत, भीमेश्वर ८ रु १,५०,०००/- (एकलाख पचासहजार)

घ) चरिघ्यांग गुम्बा वरिपरी ढुङ्गा लगाएर बगैचा ब्यबस्था गर्न सास्कृत सम्पदा शिर्षकबाट रु २,००,०००/-(दुईलाख )

ङ) नयाँ बसपार्क धारा संरक्षण गर्न एकघर एकधारा शिर्षकबाट रु १,५०,०००/-( एकलाख पचासहजार)

च ) बुद्ध आधारभुत बिद्यालय खेलमैदान निर्माण गर्न (भीमेश्वर १) रु ३०,०००/(तीस हजार)

छ) अभयपुर युबा क्लब भीमेश्वर २, लाई पाखलती पार्किङक्षेत्र निर्माण (soling,Rcc ) ढलान कार्य गर्न जनतासंग मेयर कार्यक्रमबाट रु २,००,०००/-(दुईलाख ) ।

ज) चित्रेश्वर महादेव जाने बाटो भीमेश्वर ८ सेराबेसी लाई साँस्कृतिक सम्पदा सम्रक्षण शिर्षकबाट रु १,००,०००/-(एकलाख) उपलब्ध गराउने ।

झ) चिसापानी सडक मर्मत गोंग्राती काठेबिसौनी ( उर्मिला मार्ग) भीमेश्वर ९ लाई मर्मत शीर्षकबाट रु ७५,०००/-(पचहत्तर हजार उपलब्ध गराउने ।

७.२ ) यस नगरपालिका वडा नं. २ नेगल बस्ने रणबहादुर तामाङ्को छोरी वर्ष ४६ कि सानुकान्छी तामाङ्ले आफ्नो नाममा रहेको साविक दोलखा गा.व.स.२ को कि.नं. १४६४ क्षे.फ. १२३ ब.मि. भएको जग्गामा नेगल गाउँघर क्लिनिक भवन बनाउन जग्गा दान दिने

भएकोमा उक्त जग्गामा बाटो, खानेपानी, बिधुत लाईन लगायतका सुबिधा भएको र अन्य कुनै समस्या नभएकोले नेगल गाउँघर क्लिनिक बनाउन दोलखा स्वास्थ्य चौकीको नाममा दानपत्र गरी लिन उपयुक्त भएको भनि २ नं. वडा बाट निर्णय सहित सिफारिस भई आएकोले उक्त जग्गा दान स्वीकार गरी नेगल गाउँघर क्लिनिक भवन बनाउने निर्णय गरियो ।

७.३ ) सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली २०७५ को परिच्छेद - ४ आन्तरिक तथा अन्तिम लेखापरिक्षणको नियम १३ को उपनियम ५ मा ब्यबस्था भएको **"लेखा परीक्षक छनौट गर्दा माध्यमिक तहको हकमा चाटर्ड एकाउन्टेन्टलाई छनौट गर्नुपर्ने छ "** भन्ने वाक्यांश भएकोमा सहज रुपमा **चाटर्ड एकाउन्टेन्को सेवा प्राप्त हुन कठिनभई** उक्त वाक्यांश हटाउन शिक्षा, युबा तथा खेलकुद शाखा मार्फत अनुरोध भई आएकोले उक्त वाक्यांश हटाउने निर्णय गरियो ।

७.४) यस नगरपालिका वडा नं ६ को कार्यालय परिसरमा कम्पाउण्डको बाँकी कार्य र प्रवेशद्वार (गेट) निर्माण गर्न आवश्यक शीर्षकबाट रु ५,००,०००/-(पाँचलाख ) चालु आ.बा. को वडा कार्यालय पूर्वाधार शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

८.५ : ६ र ७ नं. वडा कार्यालयले देहायका स्वीकृत कार्यक्रम तथा बजेट संसोधन गरिदिन अनुरोध सहित सिफारिस पेश गरेकोले आ. ब. ०७८/८९ मा स्वीकृत तपशिलका बजेट कार्यक्रम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.स. | स्वीकृत योजनाको नाम | रकम | संसोधित योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बालबालिका क्षमता विकास कार्यक्रम | रु.५,००,०००/- | वडाको डकुमेन्ट्री बनाउने योजना | रु.५०,०००/- | सिफारिस |
| २ | पितृकार्य उद्धार भवन, चिताम्थाली | रु.५,५०,०००/- | पितृकार्य उद्धार भवन निर्माण स्थल ,चिताम्थाली | रु.५,५०,०००/- | सिफारिस |
| ३ | साखिने आ.बि. घेराबार | रु २,००,०००/- | साखिने आ.बि. भौतिकपूर्वाधार सुधार | रु २,००,०००/- | सिफारिस |
| ४ | कुप्री आ.बि. शैक्षिक सामाग्री ब्यबस्थापन | रु २,००,०००/- | कुप्रीडाँडा आ.बि. भौतिक पूर्वाधार सुधार | रु २,००,०००/- | सिफारिस |
| ५ | हरिकृतन आ.बि. वाल सूरक्षा योजना | रु २,००,०००/- | हरिकृतन आ.बि. भौतिक पूर्वाधार सुधार | रु २,००,०००/- | सिफारिस |

७.६ यस न.पा.को २०७८।०७९ वजेट तथा कार्यक्रम भीमेश्वर नगरपालिका कृषि ८०३२३४०२१०३ अन्तरगतको कृषि औजार उपकरण खरिद तथा वितरण कार्यकमवाट मिति २०७८।०५।१८ गते प्रकाशित सूचना अनुसार प्राप्त निवेदन मध्ये देहाय अनुसारका समुह सहकारी छनोट गरी देहाय अनुसारको अनुदान दिने निर्णय गरियो ।

| क्र.स | कृषक समुह कृषि सहकारीको नाम | ठेगाना | मिनिटिलर | थ्रेसर | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | सेती देवी कृषक समुह | भी.न.पा ४ | १ | - | २९०००। |
| २ | कार्की गाउँ कृषक समुह | भी.न.पा ७ | १ | - | २९०००। |
| ३ | अविरल आई पि एम कृषक समुह | भी.न.पा.२ | १ | - | २९०००। |
| ४ | सिमटोल कृषक समुह | भी.न.पा ७ | १ | - | २९०००। |
| ५ | लगनशिल कृषक समुह | भी.न.पा ५ | १ | - | २९०००। |
| ६ | दर्फेदेवी कृषि सहकारी संस्था लि. | भी.न.पा ३ | १ | - | २९०००। |
| ७ | नवजाग्राती कृषक समुह | भी.न.पा ४ | - | १ | २७०००। |
| ८ | सुनौलो विहानी कृषक समुह | भी.न.पा ९ | १ | | २९०००। |
| ९ | समृद्ध महिला बाख्रा तथा घाँस विकास समुह | भी.न.पा ६ | - | १ | २७०००। |
| १० | सिर्जनसिल घरायसी खाद्यन्र उ कृ.स. | भी.न.पा.१ | - | १ | २७०००। |
| ११ | नागदह कृषि पशुपंक्षी कृषक समुह | भी.न.पा.२ | १ | - | २९०००। |
| १२ | चित्रेश्वर महादेव कृषक समुह | भी.न.पा.८ | १ | - | २९०००। |
| १३ | पौरखी कृषक समुह | भी.न.पा.२ | १ | - | २९०००। |
| १४ | वनदेवी महिला कृषक समुह | भी.न.पा.७ | - | १ | २७०००। |
| १५ | सेतिचन्द्र भुमे प्रागांरिक कृषि सहकारी संस्था | भी.न.पा.९ | १ | - | २९०००। |
| १६ | सिर्जनसिल उच्च वेमौषमी तरकारी खेति कृ.स. | भी.न.पा.५ | - | १ | २७०००। |
| १७ | घोक्सिला कृषक समुह | भी.न.पा.५ | १ | - | २९०००। |
| १८ | मछेन्द्रनाथ प्राविधिक ज्ञान सेवा कृष समुह | भी.न.पा.२ | १ | - | २९०००। |
| १९ | घुम्ती कृषक समुह | भी.न.पा.८ | १ | - | २९०००। |
| २० | कान्ले पाल्ले केषक समुह | भी.न.पा.५ | १ | - | २९०००। |
| २१ | मञ्जुश्री कृषक समुह | भी.न.पा.२ | १ | - | २९०००। |
| २२ | उखुवारी खत्रीगाँउ कृषक समुह | भी.न.पा.७ | १ | - | २९०००। |
| २३ | पौरखी कृषि सहकारी संस्था | भी.न.पा.६ | १ | - | २९०००। |
| २४ | गोर्वधन दलित कृषक समुह | भी.न.पा.४ | १ | - | २९०००। |
| २५ | मथानी कृषि सहकारी संस्था ली | भी.न.पा.५ | १ | - | २९०००। |
| २६ | त्रिवेणी दुग्ध सहकारी संस्था ली | भी.न.पा.१ | - | १ | २७०००। |
| २७ | जिलु साना किसान कृषि सहकारी संस्था ली. | भी.न.पा.४ | - | १ | २७०००। |
| २८ | हाम्रो कृषि तथा पशुपंक्षी समुह | भी.न.पा.७ | १ | - | २९०००। |
| २९ | फुलपा कृषि तथा पशुपंक्षीपालन समुह | भी.न.पा.२ | - | १ | २७०००। |
| ३० | भुमेथान कृषक समुह | भी.न.पा.२ | १ | - | २९०००। |
| ३१ | अगुवा कृषक समुह | भी.न.पा.४ | १ | - | २९०००। |
| | **जम्मा** | | **२३** | **८** | **८८३०००।** |

**बिबिध ७.७** महिलासँग उपमेयर कार्यक्रम अन्तर्गत उपप्रमुखको तोक आदेशमा सम्पन्न भएका देहाएका योजना तथा कार्यक्रम अनुमोदन गर्ने ।

(क) ईन्द्रसिंगदेव पार्कमा पुष्प उत्पादन समूह भीमेश्वर २, ले पुष्प बगैचा निर्माण तथा ब्याबस्थापन र संचालन गर्न प्रस्ताव पेश गरे बमोजिम महिलासँग उपमेयर कार्यक्रम बाट रु. २५,०००/- (पचिस हजार) उपलब्ध गराउने .

(ख) नगरपालिकाद्वारा सञ्चालित गतिविधिमा महिलाको पहुच सुनिश्चितताका लागि रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गर्न रेडियो शैलुंगले प्रस्ताव पेश गरे बमोजिम महिलासँग उपमेयर कार्यक्रम बाट रु. १,००,०००/- (एकलाख मात्र) उपलब्ध गराउने

ग) नेपाल आदिबासी जनजाति पत्रकार महासंघले जनजाति पत्रकारहरुका लागि तीनदिने पत्रकारिता तालिम संचालन प्रस्ताव पेश गरे बमोजिम महिलासँग उपमेयर कार्यक्रम बाट रु. १,२५,०००/- (एकलाख पचिस हजारमात्र) उपलब्ध गराउने .

घ) उत्पीडित महिला मुक्ति समाज दोलखाले डल तथा कुसन तालिम संचालन गर्न प्रस्ताव पेश गरे बमोजिम महिलासँग उपमेयर कार्यक्रम बाट रु. ७५,०००/- (पचहत्तर हजारमात्र) उपलब्ध गराउने ।

ङ) परोपकार महिला साकोसले ढाकाको झोला, मक्स र पर्स बनाउने तालिम संचालन गर्न प्रस्ताव पेश गरे बमोजिम महिलासँग उपमेयर कार्यक्रम बाट रु.१,००,०००/- (एकलाख मात्र) उपलब्ध गराउने ।

च) महिला चेम्बर अफ कमर्स दोलखाले उनि धागो हाते कपडा बुनाई तालिम २० जनालाई (पाँच दिने) सन्चालन गर्न प्रस्ताव पेश गरे बमोजिम महिलासँग उपमेयर कार्यक्रम बाट रु.१,००,०००/- (एकलाख मात्र) उपलब्ध गराउने ।

छ ) रोजमेरी ब्युटीपार्लर दोलखाले १० जनालाई ४५ दिने एडभान्स ब्युटिसियन र १० जना महिलालाई १० दिने कपाल काट्ने (Boys hair cutting) तालिम सन्चालन गर्न प्रस्ताव पेश गरे बमोजिम महिलासँग उपमेयर कार्यक्रम बाट रु.१,८०,०००/- (एकलाख असिहजार मात्र) उपलब्ध गराउने ।